# पिपरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## पिपरा, महोत्तरी

मधेश प्रदेश, नेपाल

पत्र संख्याः २०८०/०८१
चलानी नं.:

मितिः२०८०/०८/०५

### वैदेशिक रोजगार सन्तती छात्रवृत्ति (शैक्षिक सत्र २०८०) का लागि निवेदन दिने बारेको सूचना

उपरोक्त सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्डको सचिवालय, बबरमहल, काठमाडौंको च.नं. ४२१ मिति २०८०/०८/०४ गतेको पत्रानुसार श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई करार अवधि भित्र मृत्यु भएका वा पूर्णरुपमा असक्त वा गम्भीर विरामी भएका कामदारका बालबालिकालाई वैदेशिक रोजगार छात्रवृत्तिका लागि आफु अध्ययनरत शैक्षिक संस्थामा वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० को अनुसुचि (१) बमोजिमको ढाँचामा २०८० साल पुस ८ गते भित्र निवेदन दिन सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विद्यार्थीले निवेदन पेश गर्ने निकाय**

- आफु अध्ययनरत शैक्षिक संस्था मा अनुसुची १ बमोजिमको ढाँचामा ।

**छात्रवृत्तिका लागि निवेदन दिने आधारहरु**

- श्रम स्वीकृति लिइ वैदेशिक रोजगारमा गई मृत्यु वा अंगभंग वा बिरामी भइ वैदेशिक रोजगार बोर्डबाट शत प्रतिशत (१००%) आर्थिक सहायता लिएका कामदारका छोरा/छोरी ।
- सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यालयस्तर (पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह देखि कक्षा १२ सम्म) का १८ वर्ष मुनिका बालबालिकाहरुले मात्र निवेदन दिन सक्नेछन् ।
- मिति २०८० कार्तिक मसान्त सम्म उपरोक्त अनुसारको आर्थिक सहायता प्राप्त गर्ने कामदारका बालबालिकालाई मात्र शैक्षिक शत्र २०८० को छात्रवृत्ति उपलब्ध गराइनेछ ।

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु (नयाँ आवेदकका लागि)**

- निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपि ।
- वैदेशिक रोजगारमा गइ मृत्यु भएका कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- कामदारको राहदानीको प्रतिलिपि वा राहदानी नं. खुल्ने कागजात ।
- वैदेशिक रोजगारमा गई सोही क्रममा अशक्त भएका कामदारको पूर्णरुपमा अशक्त भएको खुल्ने प्रमाण कागजात
- विद्यार्थीको जन्म दर्ताको प्रतिलिपि ।
- निवेदक, संरक्षकको बैंक खाता खुल्ने कागजातको प्रतिलिपि ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस ।

**साविकमा प्राप्त गरिरहेका बालबालिकाका लागि**

- विद्यार्थीको निवेदन ।
- अध्ययनरत विद्यालयको कक्षा खुल्ने सिफारिस पत्र ।
- कामदारको राहदानीको प्रतिलिपि ।
- विद्यार्थी वा संरक्षकको बैङ्क खाता खुल्ने कागजातको प्रतिलिपि ।

**छात्रवृत्तिको सीमा**

- वार्षिक रुपमा आधारभुत तहका लागि रु १२,००० (बाह्र हजार) र माध्यमिक तहका लागि रु १६,००० (सोह्र हजार) प्रदान गरिने छ ।
- एक जना विद्यार्थीलाई एउटा कक्षामा १ पटकका लागि मात्र वार्षिक रुपमा एकमुष्ट छात्रवृत्ति उपलब्ध गराइनेछ ।

**विद्यालयको जिम्मेवारी**

- सम्बन्धित सबै विद्यार्थी तथा अविभावकलाई वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सम्बन्धी सूचना प्रवाह गर्ने ।
- पेश भएका निवेदन संकलन गरी वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० बमोजिम निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु जाँचबुझ गर्नु पर्नेछ ।
- जाँचबुझबाट उपयुक्त ठहर गरेका निवेदनहरु सो कार्यविधिको अनुसुचि (२) को ढाँचामा सिफारिस सहित सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ ।

२०८०/०८/०५
नि. प्रमुख प्रशासकीय अधिकृत

☎ ०१९७७-४४-५४८०४७ Web:www.pipramun.gov.np E-mail: info@pipramun.gov.np